# प्रदेश सभा

# शिक्षा, स्वास्थ्य तथा कृषि समिति

## वार्षिक प्रतिवेदन

## २०७५।७६

प्रदेशसभाप्रदेश नं. ३

शिक्षा, स्वास्थ्य तथा कृषि समितिमा रहनु हुने माननिय सदस्यहरु



**मा.सभापति श्री घनश्याम दाहाल**

**समितिका माननिय सदस्यहरु :**



१. मा.श्री इन्द्रमाया गुरुङ्ग



२. मा.श्री उर्मिला कर्माचार्य



३. मा.श्री कञ्चन खनाल



४. मा.श्री केशव प्र.पोखरेल



५. मा.श्री गोमा भुर्तेल



६. मा.श्री प्रकाश श्रेष्ठ



७. मा.श्री प्रेम ब. पुलामी



८. मा.श्री बलराम पौडेल



९. मा.श्री विजया श्रेष्ठ के.सी.








१०.मा. श्री वसन्त प्र.मानन्धर

११. मा.श्री मैना अछामी

१२. मा.श्री रजनी अमात्य जोन्छे







१३. मा.डा.राजाराम कार्की

१४. मा. डा.रामकुमार अधिकारी

१५. मा.श्री लालकुमारी पुन







१६. मा श्री सरस्वती बाटी

१७. मा.श्री सरस्वती बस्नेत

१८. मा.श्री सृजना सायजु

# भूमिका

२००७ सालदेखि नै नेपाली जनताले चुनेका जन प्रतिनिधि मार्फत आफ्नो संविधान आफैं बनाउने अभिलाषा राखी पटक पटकका जन संघर्ष, ऐतिहासिक जनयुद्ध तथा जनआन्दोलन हुँदै आएको इतिहास हामीसंग छ । वि.स.२०४६ सालको जनआन्दोलनले निरकुंश पञ्चायती व्यवस्थालाई ढाल्यो भने १० वर्षे जनयुद्ध र २०६२।०६३ को जनआन्दोलनले राजतन्त्रलाई फालेर संविधान सभाको निर्वाचन मार्फत नयाँ संविधान नबनेसम्मका लागि राजनीतिक सहमतिबाट नेपालको अन्तरिम संविधान, २०६३ जारी भयो । उक्त संविधानको धारा ६३ बमोजिम संविधान सभाको निर्वाचन सम्पन्न भएपछि सोही संविधान सभाको मिति २०६३ जेठ १५ गतेको पहिलो बैठकबाट नेपाललाई गणतन्त्र घोषणा गरियो । तत्पश्चात् संविधान निर्माणको कार्य क्रमिक रुपमा अगाडि बढिरहेकोमा राज्यको पुनर्संरचना, शासकीय स्वरुप, न्याय प्रणाली र निर्वाचन प्रणाली लगायतका संविधानको मुख्य अन्तर वस्तुहरुमा राजनीतिक सहमति हुन नसकिरहेको अवस्थामा मिति २०६९।०२।१४ गते तत्कालीन संविधान सभा विघटन भयो । फलस्वरुप आफ्ना निर्वाचित प्रतिनिधिबाट आफ्ना लागि संविधान लेख्ने नेपाली जनताको इच्छा आकांक्षा तत्कालका लागि अधूरै रहन पुग्यो ।

राजनीतिक दलहरुबीच पटक पटक भएका सम्वादको निश्कर्ष स्वरुप पुनः सहमति भएपछि २०७० मंसिर ४ गते दोस्रो संविधान सभाको निर्वाचन सम्पन्न भयो र २०७० माघ ८ गते संविधान सभाको पहिलो बैठक बस्यो । नेपालको अन्तरिम संविधान, २०६३ को धारा ६४ मा भएको व्यवस्था बमोजिम संविधानसभाको अवधि पहिलो बैठक बसेको मितिले चार वर्ष भए तापनि २०७२।०१।१२,१३ र २९ गते भूकम्प गयो । संविधान सभाले मिति २०७२ भाद्र ३० गतेको बैठकबाट नेपालको संविधान पारित गऱ्यो र २०७२ असोज ३ गते राष्ट्रपतिबाट संविधान जारी गरियो ।

यसरी नेपालको संविधान जारी भएपछि संविधानको धारा ४ को उपधारा (१) मा भएको व्यवस्था बमोजिम नेपाल स्वतन्त्र, अविभाज्य, सार्वभौमसत्ता सम्पन्न, धर्म निरपेक्ष, समावेशी लोकतन्त्रात्मक, समाजवाद उन्मुख, संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य भयो । फलस्वरुप नेपाल राज्यमा संघीय, प्रादेशिक र स्थानीय समेत गरी तीन तहको सरकार र तीन तहकै व्यवस्थापिका समेतको संरचना निर्माण भयो । प्रतिनिधि सभा, सातवटै प्रदेशका प्रदेश सभा र स्थानीय तहको समेत निर्धारित समयमै निर्वाचन सम्पन्न भएपछि राज्यका तीनै तहको सरकार गठन भै संघीयता कार्यान्वयन समेत भयो । संघीय लोकतन्त्र सहितको गणतन्त्रात्मक संविधानले समन्वय, सहकार्य र सह-अस्तित्वका आधारमा समतामूलक, चेतनशील र विकसित समाज निर्माणमा तीनै तहको भूमिका स्पष्ट पारेको छ ।

यसरी निर्माण गरिएको तीन तहको व्यवस्थापिकामध्ये प्रदेश सभा संघीय व्यवस्थापिका भन्दा एक तह मुनि तथा स्थानीय व्यवस्थापिकाभन्दा एक तह माथि रहेको बीचको तहको रुपमा रहेको र यसले स्थानीय व्यवस्थापिका र संघीय व्यवस्थापिका बीच पूलको काम समेत गर्ने भएकोले व्यवस्थापकीय समन्वयको लागि प्रदेश सभाको विशेष भूमिका रहन्छ । साथै प्रदेश सभामध्ये पनि संघीय नेपालको राजधानी काठमाडौं समेत यसै प्रदेशमा पर्ने, जनघनत्व बढी भएको, आर्थिक क्रियाकलाप, राजस्व संकलन र कुल गार्हस्थ उत्पादनमा योगदान आदिको कारणले ३ नम्बर प्रदेश सभाको अझ विशेष महत्व रहन गएको छ ।

संविधानको धारा १९३ बमोजिम प्रदेश सभाले आफ्नो कार्य प्रणालीलाई व्यवस्थित गर्न नियमावली अनुसार प्रदेश सरकारलाई प्रदेश सभाप्रति उत्तरदायी र जवाफदेही बनाउन, प्रदेश सरकारबाट भए गरेका काम कारवाहीको अनुगमन र मूल्यांकन गरी आवश्यक निर्देशन वा राय सल्लाह दिन विभिन्न पाँचवटा विषयगत समितिहरु गठन भएका छन् । प्रदेश सभा नियमावली, २०७४ को नियम १४६ बमोजिम गठित यस प्रदेश सभा अन्तर्गतको विभिन्न समितिहरु मध्येको यो शिक्षा, स्वास्थ्य तथा कृषि समिति एक महत्वपूर्ण समिति हो । समितिमा प्राप्त भएका विधेयकहरुमाथि गहन ढंगले दफावार छलफल होस, व्यापक रुपमा बहस होस र विधेयकको उद्देश्य लक्ष्य स्पष्ट होस र सर्वसाधरण जनतालाई अनुभूति हुने गरी कानूनको तर्जुमा होस भन्ने अभिप्रायले यो समिति गठन गरिएको हो । हुनत विकास निर्माणको कार्य प्रत्यक्ष रुपमा सरकारसँग सम्बन्धित विषय हो । तथापि प्रदेश सरकारको विभिन्न संयन्त्रले आफ्नो प्रदेशको विकास निर्माणको कार्यलाई भ्रष्टाचारमुक्त, निष्पक्ष र विवादरहित ढंगले सहज रुपमा अगाडि बढाएको छ वा छैन भन्ने विषयमा निगरानी

राख्ने सार्वभौम जनताको प्रतिनिधिमूलक संयन्त्र प्रदेश सभा नै भएको र सोही प्रयोजनको लागि प्रदेशसभाले यो समिति गठन गरेको हो । प्रदेश सभा र प्रदेश सभा अन्तर्गतको समिति नेपालको सन्दर्भमा यो पहिलो अभ्यास हो तथापि यो समिति आफ्नो कार्य सम्पादनको क्रममा विकास निर्माणको कार्यमा सरकारलाई आवश्यकता अनुसार घच्घच्याउन र खबरदारी गर्ने कार्यमा समेत यो एक वर्षको अवधिमा सदैव सक्रिय रहेको छ र आगामी दिनहरुमा अझ सक्रिय हुने कुरामा समेत दृढ विश्वास राखिएको छ ।

समितिको कार्य क्षेत्रमा पर्ने मन्त्रालय र अन्तर्गत निकायहरुबाट प्राप्त विवरण र पदाधिकारीहरुसँग छलफल गरी गरिएको अध्ययनको आधारमा यो प्रतिवेदन तयार गरी प्रदेश सभामा पेश गर्ने निर्णय भए अनुसार यो प्रतिवेदन पेश गरेको छु । यो प्रतिवेदनको कार्यान्वयनबाट प्रदेश सरकारको कार्यसम्पादनमा सहयोग पुग्ने विश्वास लिएको छु ।

अन्त्यमा, समितिको बैठकमा सक्रियताका साथ भाग लिई समितिको कार्य सम्पादनमा महत्वपूर्ण भूमिका निर्वाह गर्नु हुने सवै माननीय सदस्यहरुको उच्च प्रशंसा गर्दछु । यस अवधिमा प्रदेश सभाका माननीय सभामुख र माननीय उपसभामुखबाट आएका राय सुझावको लागि आभार प्रकट गर्दछु । यस समितिको आमन्त्रणामा प्रत्यक्ष उपस्थित भएर वा अप्रत्यक्ष रुपमा समेत समितिले मागेको विवरणहरु उपलब्ध गराई सहयोग गर्नु हुने प्रदेश सरकारका सम्बन्धित मन्त्रालय, विभाग एवं निकायका पदाधिकारी, प्रतिवेदन तयारी उपसमिति, प्रदेश सभाका सचिव तथा समितिका सचिव लगायतका कर्मचारीहरु, समितिलाई सहयोग पुऱ्याउनु हुने विज्ञहरु र समितिको कामकारवाहीको विषयमा आम नागरिकलाई सुसूचित गर्ने सञ्चार जगतलाई समेत हार्दिक धन्यवाद व्यक्त गर्न चाहन्छु ।

मितिः २०७६/०२/०६

मा.घनश्याम दाहाल
सभापति
शिक्षा, स्वास्थ्य तथा कृषि समिति
प्रदेश नं.३ हेटौंडा

प्रदेशसभाप्रदेश नं.३

## विषय - सूची


कार्यकारी सारांश

परिच्छेद - १ पृष्ठभूमि १

१.१ विषय प्रवेश १

१.२ शिक्षा, स्वास्थ्य तथा कृषि समिति १

१.३ समितिको कार्यक्षेत्र २

१.४ समितिको संरचना ३

१.५ अध्ययन विधि ३

परिच्छेद - २ समितिबाट सम्पादित कार्यहरु ४

२.१ समितिको शिक्षा, स्वास्थ्य तथा कृषि सम्बन्धी दृष्टिकोण ४

२.२ समितिले देखेका चुनौतिहरु ५

२.३ समितिले हालसम्म गरेको कार्यहरुको वितरण ५

२.४ समितिको निर्णय/निर्देशनहरुको कार्यान्वयन अवस्था ७

परिच्छेद - ३ भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको मुख्य मुख्य कार्यहरु ८

- भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको मुख्य मुख्य कार्यहरु ८

परिच्छेद - ४ सामाजिक विकास मन्त्रालयको मुख्य मुख्य कार्यहरु ११

- सामाजिक विकास मन्त्रालयको मुख्य मुख्य कार्यहरु ११

परिच्छेद - ५ निश्कर्ष र सुझाव १३

- निश्कर्ष र सुझाव १३

अनुसूचीहरु : १५

अनुसूची - १ समितिका माननिय सदस्यहरुको नामावली र समिति सचिवालयमा कार्यरत कर्मचारीहरुको नामावली १५

अनुसूची - २ समितिबाट भएका निर्णयहरु १६

अनुसूची - ३ समितिका सदस्यहरुको बैठकमा सहभागिता १८


प्रदेश सभा प्रदेश नं. २

# परिच्छेद-१
# पृष्ठभूमि

## १.१ विषय प्रवेश

विकास भन्नाले साविकको अवस्थाबाट सकारात्मक उपलब्धि सहित अगाडि बढ्ने प्रक्रिया हो । हाम्रो सन्दर्भमा विकासले लक्षित गरेका प्रमुख तीन उद्देश्यहरु नागरिकको आधारभूत आवश्यकताहरु परिपूर्ति गर्नु, उनीहरुको जीवनस्तर उठाउनु र जनताको आर्थिक क्रयशक्ति बढाउनु हो । कुनै पनि देश विकसित हुन त्यस देशका जनताको प्रति व्यक्ति आय (Per captita income) औशत आयु, जीवनस्तर र राष्ट्रको बार्षिक आयलाई हेरिन्छ । हरेक क्षेत्रको एउटा सुनिश्चित वृद्धिलाई नै विकास भन्न सकिन्छ ।

हरेक देशका आ-आफ्नै अर्थशास्त्रसँग सम्बन्धित सिद्धान्तहरु तथा विकासका मोडेलहरु हुन्छन् । विश्वव्यापी सिद्धान्त र मोडेलमा आधारित भएर धेरै मुलुकहरुले आफ्नो आर्थिक तथा भौतिक उन्नति गरेका छन् । नेपालको सन्दर्भमा विभिन्न कालखण्डमा अवलम्वन गरिएका आर्थिक तथा विकासका मोडेलहरुले आशातित परिणाम दिन सकेको छैन ।

विकासका लागि मुलुकका सबै अंगहरुको सामुहिक प्रयास हुनु जरुरी हुन्छ । सबै अंगहरुको सामुहिक प्रयासबाट प्राप्त गरिने परिणाम विकास हो । बिडम्बना नै भन्नु पर्छ हाम्रो देशमा सरकारका प्रमुख अंगहरुबीच हुनु पर्ने समन्वय र सहकार्यको कमी नै विकासको बाधकको रुपमा देखिएको छ ।

नेपाल एक कृषि प्रधान मुलुक हो । यस कृषि पेशामा अधिकांश मानिसहरु निर्भर रहेकोले नेपालमा सर्वप्रथम कृषि क्षेत्रको विकास हुनु जरुरी छ । त्यस्तै गरेर शिक्षा, स्वास्थ्य क्षेत्रको विकास हुनु पनि त्यतिकै जरुरी छ । नेपालमा सर्वप्रथम वि.स. २०१३ सालबाट पञ्चवर्षीय योजना शुरु भएको हो । हरेक योजनामा कृषि, स्वास्थ्य शिक्षा क्षेत्रको विकासको लागि योजनाको खाका तयार भए तापनि आशातित सफलता प्राप्त गर्न नसकिरहेको परिप्रेक्ष्यमा हामी चौधौं योजनाको समाप्ति र पन्ध्रौं पञ्चवर्षीय योजनाको प्रारम्भमा छौं । नेपालको संविधानले संघीय लोकतन्त्र सहितको गणतान्त्रिक व्यवस्थालाई अंगिकार गरिसकेपछि स्थानीय तह हुँदै प्रदेश सभा र प्रतिनिधि सभाको निर्वाचनद्धारा प्राप्त राजनैतिक उपलब्धिलाई संस्थागत गर्दै नियन्त्रण र सन्तुलनको आधारमा संसदभित्र विभिन्न समितिलाई कार्यान्वयनमा ल्याइएको छ ।

## १.२ शिक्षा, स्वास्थ्य तथा कृषि समिति

प्रदेश सभाको कामकारबाहीलाई चुस्त, दुरुस्त र यसको प्रभावकारिता वृद्धि गर्ने उद्देश्यका साथ संसद भित्रैबाट सभाको अभिन्न अंगको रुपमा स्थापित संयन्त्र नै संसदीय समितिहरु हुन्, जसलाई Mini Parliament को रुपमा समेत परिभाषित गरिएको छ । प्रदेश सभाले सम्पन्न गर्नु पर्ने महत्वपूर्ण, गहन र जटिल कार्यहरु प्रदेश सभाको सदनमा हुने सिमित र औपचारिक छलफल र प्रश्नोत्तरबाट मात्र पूरा हुन सक्दैनन् र प्रदेश सभाको भूमिकामा वस्तुपरक, यथार्थपरक र निर्णायक बनाई जीवन्त राख्न तथा प्रदेश सभाको कार्य बोझलाई कम गर्न प्रदेश सभाको भूमिकामा प्रतिकूल नहुने गरी जिम्मेवारी वहन गर्न यस्ता संसदीय समितिहरु गठन भएका छन् ।

प्रदेश सभामा प्रवेश गरेको कुनै पनि विषयहरुलाई यस्ता समितिहरुमा व्यापक र गहन छलफल हुने, दलीय निर्देशन लागू नहुने, विषय विज्ञहरुको उपस्थितिमा छलफल तथा बहस भै निर्णयमा पुग्न सकिने हुँदा यस्ता समितिहरुको भूमिकाले प्रदेश सभालाई बढी जिम्मेवार र उत्तरदायी बनाउँछ । यस्ता समितिहरु जनतासँग निकट सम्बन्ध राख्ने निकायको रुपमा स्वीकारिएको हुँदा प्रदेशको वास्तविक अवस्था, जनताका सरोकारका विषयहरु, माग र आवश्यकता, विकास निर्माण तथा प्रदेशको समग्र आर्थिक अवस्थाको बारेमा प्रत्यक्ष जानकार रहेका हुन्छन् । प्रदेशको आर्थिक तथा सामाजिक विकास गरी दिगो विकास लक्ष्य हासिल गर्न र जनताका आधारभूत आवश्यकताहरु पूरा गर्दै “समृद्ध नेपाल सुखी नेपाली” राष्ट्रिय संकल्पलाई सार्थक परिणाममा पुऱ्याउन प्रदेशको क्षेत्र भित्र हावापानी, माटो, सुहाउँदो बालीनाली लगाउन प्रोत्साहन गर्नु पर्ने, मल बीउ विजनको समयमै व्यवस्थापन हुनु पर्ने, सहकारीको नियमन हुनु पर्ने, प्राविधिक शिक्षालयहरु खोल्न पर्ने र सर्वशुलभ तरिकाले औषधोपचारको व्यवस्था लगायत संघीय सरकारबाट संचालन भएका प्रदेश

भित्रका महत्वपूर्ण योजनाहरुको यथार्थ अवस्था र प्रगति र त्यसले पार्ने सकारात्मक प्रभावको अवस्था र प्रदेश सरकारबाट ती योजनाहरु सफल पार्न खेल्नुपर्ने भूमिकाको बारेमा समेत गहन अध्ययन र छलफल गरी सहजीकरणको वातावरण बनाउँदछ । यस्ता समितिहरुमा सबै भूगोलका जनप्रतिनिधिहरुको प्रतिनिधित्व हुने हुँदा छलफल र विचार विमर्शले यस्ता समितिबाट निर्देशित हुने निर्देशनहरुबाट प्रदेशको कृषि, शिक्षा तथा स्वास्थ्य क्षेत्रको विकासमा महत्वपूर्ण योगदान पुऱ्याउन सकिन्छ । यस्ता समितिहरुले कार्यपालिकाबाट सम्पादित हुने सबै कार्यहरुको नियमित अनुगमन गर्ने, अनियमित कार्यको लेखाजोखा गर्ने, छानविन, अध्ययन, अनुसन्धान गरी प्रतिवेदन पेश गर्ने, प्रदेश सरकारले आफ्नो दायित्व पूरा गरेको छ, छैन हेर्ने, प्रदेश सभाबाट पारित नीति तथा कार्यक्रम र बजेटको बिच सामञ्जस्यता छ कि छैन, यसको कार्यान्वयन पक्ष के छ ? र कानून निर्माणको क्रममा प्रदेश सभालाई बढी भन्दा बढी प्रभावकारी बनाउने महत्वपूर्ण भूमिका समितिहरुको रहेको हुन्छ । मन्त्रालयहरुवाट कानूनको पालना भए नभएको, जवाफदेहिता र पारदर्शिताको विषय समेत मूल्याङ्कन गर्ने कार्य समेत समितिको दायित्व भित्र पर्दछ ।

शिक्षा, स्वास्थ्य तथा कृषि समितिको कार्यक्षेत्र, प्रदेशको समग्र कृषि, शिक्षा, स्वास्थ्य, भूमि व्यवस्था, सहकारी, खेलकुद र सामाजिक सुरक्षा (महिला, बालबालिका, जेष्ठ नागरिक र अपाङ्गता) संस्कृतिसंग सम्बन्धित छ । तसर्थ प्रदेश सरकारलाई प्रदेश सभाप्रति उत्तरदायी बनाउने र आफ्नो कार्य क्षेत्रभित्रका निकायहरुको क्रियाकलापमा पारदर्शिता, जवाफदेहिताका साथै परिचालनका लागि यसले निम्न लिखित भूमिकाहरु निर्वाह गर्दछ ।

- मन्त्रालय, विभाग र अन्तर्गतका निकायहरुको नीति तथा कार्यक्रम, स्रोत परिचालन, व्यवस्थापन र अरु यससंग सम्वन्धित क्रियाकलापको मूल्याङ्कन गरी सम्वन्धित निकायलाई आवश्यक निर्देशन दिने र समुचित टिप्पणी, सिफारिश र निर्देशन सहितको वार्षिक प्रतिवेदन बैठकमा पेश गर्ने ।
- मन्त्रिपरिषद्का सदस्यहरुले प्रदेश सरकारको तर्फवाट बैठकमा समय समयमा दिएका आश्वासनहरुलाई पूरा गर्न प्रदेश सरकारद्वारा के कस्ता कदमहरु उठाइएका छन् सो सम्वन्धमा अध्ययन गरी सम्वन्धित निकायहरुलाई आबश्यक निर्देशन दिने र सभाको बैठकमा प्रतिवेदन पेश गर्ने ।
- विषयसंग सम्वन्धित सरकारी निकायको सार्वजनिक सम्पतिको हिनामिना भए, नभएको अध्ययन, अनुगमन र मूल्याङ्कन गरी आवश्यक निर्देशन दिने र प्रतिवेदन पेश गर्ने ।
- प्रदेश सरकारद्वारा प्रचलित ऐन नियम अनुरुप भए गरेका कामकारवाही वारे छलफल गरी सम्वन्धित निकायलाई आवश्यक निर्देशन दिने ।
- प्रदेश सरकारद्वारा समय समयमा गठन हुने छानविन आयोग/ समितिहरुद्वारा प्रस्तुत प्रतिवेदन कार्यान्वयनको अनुगमन गरी सम्वन्धित निकायलाई आवश्यक राय, सल्लाह र निर्देशन दिने ।
- मन्त्रालय, विभाग र अन्य निकायहरुवाट सम्पादन भएका कामको अनुगमन तथा मूल्याङ्कन गरी सो सम्वन्धमा आवश्यक निर्देशन दिने ।
- बैठकले सुम्पेको अन्य काम गर्ने ।

## १.३ समितिको कार्यक्षेत्र

प्रदेश सभा नियमावली, २०७४ को नियम १४६ को उपनियम (१) बमोजिम प्रदेश तहमा ५ ओटा विषयगत समितिहरु रहने प्रावधान बमोजिम शिक्षा, स्वास्थ्य तथा कृषि समिति गठन गरिएको छ । यस समितिको कार्य क्षेत्रभित्र सामाजिक विकास र भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय रहेका छन् । यस समितिले आफ्नो कार्यक्षेत्र भित्र पर्ने मन्त्रालय र निकायसँग सम्बन्धित प्रत्यायोजित व्यवस्थापन सम्बन्धी र विधेयक उपर दफावार छलफल गरी सो सम्बन्धी प्रतिवेदन सभामा पेश गर्ने व्यवस्था गरिएको छ । मन्त्रालय, विभाग र अन्तर्गतका निकायहरुको नीति तथा कार्यक्रम, स्रोत परिचालन, व्यवस्थापन र यससँग सम्बन्धित क्रियाकलापहरुको मूल्यांकन सम्बन्धमा र मन्त्रिपरिषदका सदस्यहरुले प्रदेश सरकारको तर्फबाट बैठकमा समय समयमा दिएका आश्वासनहरुलाई प्रदेश सरकारद्वारा पूरा गर्न

के कस्ता कदमहरु उठाएका छन् भन्ने विषयवस्तुलाई समेटिएर सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने व्यवस्था समेत गरिएको छ।

## १.४ समितिको संरचना

प्रत्येक विषयगत समितिमा सभामुखले कार्य व्यवस्था परामर्श समितिको परामर्शमा प्रदेश सभा नियमावली, २०७४ को नियम १४६ बमोजिम बढीमा २२ जना सदस्यहरु मनोनीत गर्न सकिने व्यवस्था रहेको छ। प्रदेश सभाको सचिव प्रत्येक समितिको पदेन सचिव हुनेछ र सचिवले आफू मातहतको अधिकृतलाई समितिको सचिवको कार्य गर्न तोक्न सक्ने व्यवस्था समेत नियमावलीले गरेको छ। हाल शिक्षा, स्वास्थ्य तथा कृषि समितिमा सभापति सहित १९ जना माननीय सदस्यहरु रहनु भएको छ भने समितिलाई प्रशासकीय एवं व्यवस्थापकीय सहयोग गर्न एक समिति सचिवालय रहेको छ। यस सम्बन्धी विस्तृत विवरण अनुसुची १ मा उल्लेख गरिएको छ।

## १.५ अध्ययन विधि

प्रदेश सभा नियमावली, २०७४ को नियम १४६ बमोजिम प्रत्येक विषयगत समितिले आफ्नो वार्षिक प्रतिवेदन प्रदेश सभा बैठकमा पेश गर्नु पर्ने व्यवस्था गरेको छ। यो प्रतिवेदन यस समितिको प्रथम प्रतिवेदन भएको व्यहोरा अवगत गराउँदछौ। यस समितिले विषयगत मन्त्रालयहरुको काम कारबाहीलाई लिएर बेलाबखत आवश्यक निर्देशनहरु समेत दिएको छ। प्रतिवेदन लेखन तथा प्रस्तुत अवधि सिमित भएको हुँदा प्रदेश सरकार मार्फत संचालन भएका सबै योजनाहरुको स्थलगत निरीक्षण गर्न नभ्याईएको व्यहोरा अवगत गराउँदछौ। विषयगत कार्यालयहरुको जिल्ला स्थित कार्यालयहरु समयमा नै स्थापना नहुनु र भएका विषयगत कार्यालयहरुमा पर्याप्त जनशक्तिको अभावले गर्दा आ.व. ०७५।०७६ को नीति कार्यक्रममा प्रस्तावित योजनाहरुको वास्तविक अवस्थाको चित्रण गर्न सकिएन। विषयगत मन्त्रालय तथा त्यससँग सम्बन्धित निकायहरुसँग प्रत्यक्ष भेटघाट गरी प्रगति विवरण लिने कार्य गरिएको छ मूलतः मन्त्रालयले पठाएको प्रगति प्रतिवेदनलाई नै आधार बनाइएको छ।

प्रदेशसभासचिवालय

# परिच्छेद २

## समितिबाट सम्पादित भएका कामहरु

### २.१ समितिको शिक्षा, स्वास्थ्य तथा कृषि सम्बन्धी दृष्टिकोण

संसदीय व्यवस्थाको सुन्दर पक्ष भनेको संसदबाट बजेट पास नगरी खर्च गर्न नपाउने, कर तथा राजस्व उठाउने पनि प्रदेश सभाबाटै सो सम्वन्धी ऐन पारित गरेर मात्र लागू गर्नुपर्ने आधारभूत मान्यता हो । प्रदेश सभा अन्तर्गत गठन भएको शिक्षा, स्वास्थ्य तथा कृषि समितिले प्रदेश सरकारको नीति तथा कार्यक्रमहरु र बजेटमा विस्तृत छलफल गरी सम्वन्धित निकायलाई दिशा निर्देश गर्ने अभिन्न अंग मध्येको एक हो । सामाजिक विकास र भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयसँग सम्बन्धित प्रदेश सरकारका कार्यक्रमहरु र विनियोजित बजेट प्रदेश सभाबाट पारित भै कार्यान्वयनको चरणमा प्रवेश गर्ने परिपाटी भए पनि प्रदेश नीति तथा योजना आयोगले प्रस्तावित गरेका नीति तथा आवधिक योजना तथा कार्यक्रमहरु पनि प्रदेश सभामा छलफलको विषय बनाई जाने परिपाटी अवलम्बन गर्न वाञ्छनीय हुन्छ । परियोजना बैंकमा प्रविष्ट हुने योजनाहरुको विश्लेषण गरी वर्गीकरण गर्ने र क्रमिक रुपमा सम्बोधन गर्ने प्रणालीको शुरुवात गरी आवधिक योजनाहरुमा समावेश गर्ने र वर्षको अन्त्यमा गरिने रकमान्तरलाई समेत विषयगत समितिमा छलफल गर्नुका साथै प्रदेश सभामा समेत छलफलको विषय बनाउनु उपयुक्त हुन्छ । शिक्षा, स्वास्थ्य, भूमि तथा कृषि एवं सहकारी सम्वन्धी विधेयक, कार्यक्रम एवं आयोजना प्रस्ताव गर्दा समग्र प्रदेशको आर्थिक तथा सामाजिक क्षेत्रमा पार्ने सकारात्मक प्रभावको मूल्यांकन गर्नु पर्दछ र साथै कार्यान्वयनको पनि सुनिश्चित गरिनु पर्दछ । आयोजना एवं कार्यक्रम छनौट गर्दा प्रत्येक निर्वाचन क्षेत्र स्तरीय ठूला, मझौला र साना योजनाहरुलाई प्राथमिकीकरण गरी समानुपातिक बजेट वितरण प्रणालीलाई अवलम्बन गरिनु पर्दछ । संघ, प्रदेश र स्थानीय सरकारले प्रस्ताव गरेका शिक्षा, स्वास्थ्य तथा कृषि एवं सहकारी सम्वन्धी आयोजना एवं कार्यक्रमहरुमा दोहोरोपना हुनु हुँदैन । स्थानीय स्रोत र साधनको अधिकतम उपयोगितामा ध्यान दिन पर्दछ । आवश्यकताका आधारमा आयोजना एवं कार्यक्रम छनौट गर्दा हावापानी, भूगोल, जनसंख्या, मानव विकास सूचकांक र कार्यान्वयनको सहज पक्षलाई छनौटको आधार बनाइनु उपयुक्त हुन्छ ।

“विकासमा ऐक्यवद्धता, राजनीतिमा प्रतिस्पर्धाको नीतिलाई राजनीतिक संस्कारको रुपमा विकास गरिनु पर्दछ । प्रदेश सरकारबाट स्थानीय सरकारलाई प्रत्यायोजित हुने विभिन्न किसिमका अनुदानहरुको कार्यान्वयन पक्ष राजनीतिक समझदारीको अभावको आधारमा प्रभावित भएको देखिन्छ । शिक्षा, स्वास्थ्य तथा कृषि एवं सहकारी सम्वन्धी आयोजना एवं कार्यक्रमको कार्यान्वयनका अव्यवहारिक, प्रक्रियामुखी झन्झट तथा कर्मचारीतन्त्रका ढिलासुस्तीका कारणले गर्दा समयमा नै सम्पन्न हुनमा अवरोध भएका छन् । यो कुरालाई विधि सम्मत चुस्त, दुरुस्त बनाई कार्यान्वियन पक्षमा सुधार गर्ने व्यवस्थालाई आत्मसात गरिनु पर्दछ ।

राज्यको स्रोतले मात्र सबै आधारभूत शिक्षा, स्वास्थ्य तथा कृषि एवं सहकारी सम्वन्धी विकासहरु कार्यान्वयन गर्न नसकिने भएको हुँदा शिक्षा, स्वास्थ्य तथा कृषि एवं सहकारी सम्वन्धी विकासमा सार्वजनिक- नीजि- साझेदारी (PPP model) सार्वजनिक- नीजी- सहकारी (PPC model), संघ- प्रदेश साझेदारी, प्रदेश- स्थानीय साझेदारी तथा संघ- प्रदेश- स्थानीय तह साझेदारीका योजनाहरुलाई उच्च प्राथमिकता दिई कार्यान्वयन गरिनु पर्दछ ।

कार्यान्वयन चरणमा रहेका शिक्षा, स्वास्थ्य तथा कृषि एवं सहकारी सम्वन्धी आयोजना एवं कार्यक्रमहरुलाई सालबसाली, क्रमागत तथा बहुवर्षीय योजनाका रुपमा निश्चित अवधिमा सम्पन्न हुने आधारमा बजेट विनियोजन गर्ने व्यवस्था गर्नु पर्दछ । Demand driven वा Bottom to top योजना छनौट प्रक्रिया अपनाई जनसहभागितामूलक परियोजनाहरुले समाजमा सकारात्मक सोंच ल्याउन प्रमुख भूमिका निर्वाह गर्नु पर्दछ ।

## २.२ समितिले देखेका चुनौतिहरु

शिक्षा, स्वास्थ्य तथा कृषि एवं सहकारी सम्वन्धी विकास आफैमा जटिल, चुनौतिपूर्ण र प्रतिस्पर्धी विषय हो । विगतमा भएका प्रयासहरु र राज्यले लिएको यस सम्वन्धी नीतिहरुले जनभावनाको पूर्णत: आत्मसात गरेको देखिदैंन । प्रदेश सरकारको यो पहिलो अनुभव भए तापनि विगतमा भएका शिक्षा, स्वास्थ्य तथा कृषि एवं सहकारी सम्वन्धी विकासका गतिविधिहरुलाई मध्यनजर राख्दा र परिवर्तित अवस्थामा समेत समय सापेक्ष सुधारमा आएको सुस्ततालाई ध्यानमा राखेर समितिले केही विकासका चुनौतिहरुलाई औल्याईएको छ : -

- विगतबाट पाठ नसिक्नु,
- गुणस्तरीय र दिगो विकासको अवधारणा बन्न नसक्नु,
- कानूनको अक्षरश: पालना नहुनु,
- स्थानीय स्रोत र साधन परिचालनको ठोस नीति नहुनु,
- समय सापेक्ष प्रविधिको प्रयोग नगरिनु,
- विषय विज्ञको सेवा नलिनु,
- राजनीतिक दलहरु वीच विकासमा समान धारणा नबन्नु,
- विकासलाई उत्पादनसँग जोड्न नसक्नु,
- सबै कुरालाई शंकाको दृष्टिकोणबाट हेर्ने संस्कारको विकास हुनु,
- साझा उत्तरदायित्वको भावना नहुनु,
- मूल्यांकन तथा अनुगमन प्रणाली व्यवस्थित नहुनु,
- विकास निकायहरुवीच समन्वय नहुनु,
- विकासलाई सामाजिक न्यायसँग जोड्न नसक्न,
- कार्यान्वयन पक्ष फितलो हुनु,
- राजनीति केवल राजनीतिका लागि मात्र होइन, राजनीति विकासका लागि हो भन्ने भावना कार्यशैलीमा नदेखिनु,
- संविधान र दस्तावेजहरुमा लेखे बमोजिम कार्यान्वयनमा विगतका कार्यशैलीमा सुधार नआउनु,
- कर्मचारीतन्त्रलाई चुस्त र कामकाजी बनाउन नसक्नु ।

## २.३ समितिले हालसम्म गरेको कामहरुको संक्षिप्त विवरण :

प्रदेश सभाले मिति २०७४।११।१४ गते प्रदेश सभा नियमावली, २०७४ पारीत गरे पछि सोही नियमावलीको नियम १४६ अनुसार विषयगत समितिहरु गठन भएका हुन । यस क्रममा शिक्षा, स्वास्थ्य तथा कृषि समिति पनि मिति २०७४।११।१५ मा गठन भएको थियो । गठन अवधि देखि हालसम्म समितिले आफ्नो कार्यक्षेत्रसँग सम्बन्धित र समसामायिक विषयहरुमा गरी कूल २७ (सत्ताइस) बैठकहरु बसी प्रदेश सरकार तथा सम्बन्धित मन्त्रालयहरुलाई मार्ग निर्देशन गर्ने कार्य गरेको छ । आवश्यकता अनुसार उपसमिति गठन गर्न सकिने प्रावधान भएकोले समितिको बार्षिक मस्यौदा तयार गरी समितिमा पेश गर्न उपसमिति गठन गरिएको छ । उपसमितिले अध्ययनको सिलसिलामा सामाजिक विकास र भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयसँग यस अवधिमा भएका कार्यक्रमहरुको प्रगति विवरणहरु माग गरी अध्ययन गरेको छ ।

कानून निर्माण समेत समितिको कार्यक्षेत्र रहेको सन्दर्भमा यस शिक्षा, स्वास्थ्य तथा कृषि समितिले आफ्नो कार्यक्षेत्र भित्र परेका विधायिकी कार्य समेत गर्दै आएको छ ।

## विधायिकी कार्य अन्तर्गत समितिमा दफावार छलफल भएका विधेयकहरुको विवरण :

१. प्रदेश दुग्ध विकास वोर्डको स्थापना र व्यवस्थापन गर्न बनेको विधेयक २०७५

२. प्रदेश स्वास्थ्य सेवा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७५

३. प्रदेश प्राविधिक शिक्षा परिषद् स्थापना र सञ्चालन गर्न बनेको विधेयक २०७५

४. प्रदेशमा खेलकुद विकास गर्ने सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५

५. प्रदेश सहकारी सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५

६. प्रदेश बालबालिकाको अधिकार सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५

७. प्रदेश बीउ विजन सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५

८. प्रदेश कृषि व्यवसाय प्रवर्द्धन सम्वन्धमा व्यवस्था बनेको विधेयक, २०७५

## गैर विधायिकी कार्यः

समितिले आफ्नो कार्य सम्पादनमा आवश्यकता अनुसार प्रदेश सरकार, सरोकार पक्षहरु, सम्बन्धित सरकारी निकायका कर्मचारीहरुलाई आवश्यक निर्देशनहरु दिने काम समेत गरेको छ। समितिले गैर विधायिकी कार्य अन्तर्गत तपसिल बमोजिमको कार्यहरु गरेको छ।

- यस समितिसंग सम्वन्धित मन्त्री, सचिव र सम्वन्धित निकायका पदाधिकारीहरुलाई समितिको बैठकमा छलफलको लागि बोलाइएको।
- बैठकमा छलफल गरिने विषयबस्तुहरुको समस्या तथा समाधान र संभावनाका बारेमा तयारीका साथ माननीय सदस्यहरु उपस्थित हुन ध्यानाकर्षण गराएको।
- भूमि व्यवस्थापन र कृषि तथा सहकारीको सम्वन्धमा देखिएका समस्याहरुलाई माननीय सदस्यहरुले गंभीरताका साथ उठाउनु भएकोले यसको दिगो समाधानका लागि कृषिमा पकेट क्षेत्र निर्धारण गरी आत्मनिर्भर हुने गरी नीति बनाई बर्षौदेखि भइरहेको अव्यवस्थित बसोबास र भूमिहिन किसानको समस्या छिटो हल गर्न सो सम्वन्धी विधेयक सदनमा पेश गर्न सम्वन्धित मन्त्रालयलाई निर्देशन दिएको।
- शिक्षा र स्वास्थ्य क्षेत्रमा देखापरेका समस्याहरु समाधान गर्न सामाजिक विकास मन्त्रालयलाई गम्भीरताका साथ लिई सो सम्वन्धमा नीति निर्माणमा र अनुगमनमा विशेष ध्यान दिन निर्देशन दिएको।
- समितिको अगुवाईमा महिला माननीय सांसदहरु र यस समितिका सबै माननीय सदस्यहरुको क्षमता अभिवृद्धिको लागि Gender Budget Auditing सम्वन्धी मिति २०७५।३।१३ गते एक दिने कार्यशालाको आयोजना गरिएको।
- यस समिति, जागरण नेपाल र OXFAM नेपालद्वारा नेतृत्व विकास र लैङ्गिक सवाल विषयक गोष्ठी मिति २०७५।४।२५ देखि २०७५।४।२७ सम्म हेटौंडामा आयोजना गरिएको।
- समितिको मिति २०७५।११।०२ गते बसेको बैठकले चालु आ.व.२०७५।७६ को कार्यक्रम कार्यान्वयन फागुन मसान्तसम्मको स्थिति अत्यन्तै थोरै देखिएकोले कार्यान्वयनको कार्य तालिका बनाई तिव्र गतिमा कार्यक्रम कार्यान्वयन गर्न र कृषिमा आत्मनिर्भर हुने योजना ल्याउन भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयलाई

निर्देशन दिइएको र हालसम्मको कार्यक्रमहरुको कार्यतालिका समेत समितिलाई उपलब्ध गराउन अनुरोध गरिएको ।

- समितिको मिति २०७५।११।०३ गते बसेको बैठकले चालु आ.व. २०७५।७६ मा संरचनाको अभाव हुंदाहुदै पनि कार्यक्रम कार्यान्वयन संतोषजनक रहेको र महिला, बालबालिका र ज्येष्ठ नागरिकरुको समस्या समाधानमा ध्यान दिन, स्वास्थ्य र शिक्षा जनताको पहुँचमा पुर्‍याउन, दक्ष जनशक्ति उत्पादनको योजना बनाउन र कार्यान्वयन भईरहेका कार्यक्रमहरुको प्रभावकारी अनुगमन गर्न सामाजिक विकास मन्त्रालयलाई निर्देशन दिएको ।
- समिति गठन भएको मितिदेखि हालसम्म समिति मार्फत भए गरेका काम र मन्त्रालयहरुसंग भएका छलफल र मन्त्रालयलाई दिइएको निर्देशन कार्यान्वयन भए नभएको अवस्था बारे बुझी सात दिन भित्र प्रतिवेदन तयार गरी समितिमा पेश गर्न मा.केशव प्रसाद पोखरेलको संयोजकत्वमा उप समिति गठन गरिएको ।
- मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई विधेयकको साथमा पेश हुने आर्थिक टिप्पणीमा प्रदेश सभा नियमावली, २०७४ को नियम ९९ को उपनियम (२) बमोजिम आर्थिक टिप्पणीमा उल्लेख भई हुन सक्ने पटके र सालबसाली खर्चको अनुमानीत खर्च विवरण आर्थिक टिप्पणीमा खुलाई विधेयक पठाउने व्यवस्था गर्न गराउन निर्देशन दिइएको ।
- सम्वन्धित मन्त्रिहरुलाई नयाँ विधेयक ड्राफ्ट भएपछि प्रदेश सभामा टेबुल गर्नु पूर्व नै समितिसंग छलफल गर्ने निर्देशन दिइएकोमा भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले यसको कार्यान्वयनको प्रारम्भ गरेको ।
- २०७५ चैत १५ गते भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको आयोजनामा र यस समिति र राष्ट्रिय सहकारी बैंकको सह आयोजनामा एक दिने सहकारी नीति र समृद्धिको सवाल सम्वन्धी गोष्ठी सम्पन्न भएको ।
- यस समितिले पटक पटक सम्वन्धित मन्त्रीहरुलाई बजेटलाई आफ्नो क्षेत्रमुखी बनाउने भन्दा पनि नीतिगत आधार बनाई समानुपातिक रुपमा ल्याउन ध्यानाकर्षण गराएको ।
- मन्त्रालय र सम्वन्धित निकायहरुको कामको अनुगमन लगायतको कामका लागि आवश्यक बजेट व्यवस्थापनको लागि ध्यानाकर्षण गराएको ।

## २.४ समितिको निर्णय/निर्देशनहरुको कार्यान्वयनको अवस्था :

प्रदेश सरकारको सांगठनिक संरचना गठन प्रक्रियामा भएको ढिलासुस्ती र आवश्यक जनशक्ति अभावका बाबजुद पनि समितिले महसुस गरेका विषयहरुमा गरेका निर्णयहरु र निर्देशनहरु तथा सुझावहरु सम्बन्धित सरोकारवाला निकायहरुले समयमा नै कार्यान्वयन गरेको पाइएको छ ।

# परिच्छेद ३

## भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले आ.व. २०७५/०७६ को आठ महिनाको अवधिमा सम्पादन गरेका मुख्य मुख्य कार्यहरु

### १. ऐन, नियम र कार्यविधि निर्माण

- दुग्ध विकास बोर्ड ऐन, २०७५ र सहकारी ऐन, २०७५ प्रदेश सभामा पेश गरेको ।
- प्रदेश बीउ बिजन, कृषि व्यवसाय प्रवर्द्धधन र प्रदेशस्तरमा जलचर संरक्षण र व्यवस्थापन गर्न बनेको विधेयक, २०७५ प्रदेश सभामा पेश ।
- पशु बधशाला तथा मासु जाँच र प्रदेश भूमि व्यवस्था गर्ने सम्बन्धी दुईवटा बिधेयकहरुको मस्यौदा तयार गरेको
- स्वीकृत बार्षिक कार्यक्रम कार्यान्वयन गर्न ३० भन्दा बढी कार्यविधि तर्जुमा गरी मन्त्रिपरिषदबाट स्वीकृत गराइ कार्यन्वयनमा रहेको ।

### २.कोल्ड स्टोर निर्माण

तरकारी तथा फलफूल भण्डारणको लागि नुवाकोट, धादिङ्ग, रसुवा, काभ्रे, सिन्धुपाल्चोक, सिन्धुली, रामेछाप, दोलखा, चितवन, मकवानपुर जिल्लाहरुको विभिन्न १३ स्थानमा कोल्ड स्टोर निर्माणको लागि १ अर्ब १७ करोड बराबरको टेन्डर आव्हानको सूचना प्रकाशन भएको ।

### ३.साना कृषि सडक निर्माण

प्रदेशको ११ जिल्लामा रु ३० करोडको लागतमा कृषि सडक निर्माण तथा मर्मत कार्यक्रममध्ये चितवनमा १४, धादिङ्गमा १०, दोलखामा ६, रामेछापमा ६, काभ्रेमा ११, भक्तपुरमा २, ललितपुरमा ५, मकवानपुरमा १८, नुवाकोटमा ८, सिन्धुलीमा १२ र सिन्धुपाल्चोकमा ८ गरी १०० वटा कृषि सडक निर्माण तथा मर्मत कार्यक्रम सम्पन्न अन्तिम चरणमा रहेको ।

### ४. सामुहिक खेती

देशकै कै नमूनाको रुपमा सिन्धुली (दुधौली न.पा.मा १२२ बिघा, सुनकोसी गाउँपालिकामा १७०० रोपनी) र चितवन (माडी नगरपालिकामा १०० बिघा) गरी तीन स्थानमा कुल ३५२ बिघामा १ करोड ४० लाखको साझेदारी लगानीमा सामुहिक खेती कार्यक्रम कार्यन्वयनमा रहेको ।

### ५.साना सिंचाइ

सिन्धुली, मकवानपुर र चितवन जिल्लाहरुमा रु १२ करोडको लगानीमा ३८ बटा डिप बोरिङ्ग निर्माण कार्य अन्तिम चरणमा रहेको ।

### ६.कृषक पाठशाला तथा कृषि पशुपंक्षी तालिम केन्द्र निर्माण

अध्ययन तथा डी.पि.आर. तयार भै तीन वटा भवन तथा तालिम केन्द्र निर्माण गर्न चितवन, भण्डारामा रु. १५ करोडको टेन्डर आव्हान गरेको ।

## ७. वन्यजन्तु तथा मानव वीचको द्वन्द्व व्यवस्थापन

चितवन राष्ट्रिय निकुञ्ज तथा मध्यवर्ती क्षेत्रका वन उपभोक्ता समिति र स्थानीय तहको समन्वयमा वन्यजन्तु तथा मानव वीचको द्वन्द्व व्यवस्थापन तथा क्षति न्यूनीकरण गर्न रु ८ करोडको लगानीमा राप्ती न.पा. र खैरेनी न.पा.मा पक्की पर्खाल निर्माणको  सम्झौता सम्पन्न भएको ।

८. कृषिको आधुनिकीरण गर्ने उद्देश्यले कृषि यन्त्र उपकरण औजारहरु १३ जिल्लामा रु २७ करोडको कृषि यन्त्रहरुमा ५० देखि ८० प्रतिशतसम्म अनुदानमा उपलब्ध गराउनको लागि टेन्डर आव्हानको प्रक्रिया अगाडि बढिसकेको ।

९. भेटेरिनरी एम्बुलेन्स (५ वटा) र माटो परीक्षण मोबाइल भ्यान (१ वटा) खरिदको लागि सूचना आव्हान भई खरिद प्रक्रिया अगाडी बढेको ।

१०. विषादी अवशेष नियमन गरी स्वस्थ उपज उपभोक्ता माझ पुर्‍याउने उद्देश्यको लागि ५ जिल्ला ( चितवन, ललितपुर, नुवाकोट, काभ्रे, मकवानपुर) मा विषादी अवशेष जेकजाँचमा प्रयोग हुने यन्त्रहरु खरिदको लागि सूचना आव्हान भई खरिद प्रक्रिया अगाडी बढेको ।

## ११.विशेष कृषि कार्यक्रम:

- उच्च मूल्यका कृषि उपजहरु जस्तै किवी, अलैंची, कफी, जडिबुटी, चिया, स्ट्रबेरीको क्षेत्र विस्तार र उत्पादकत्व बृद्धिको लागि ७ जिल्ला( मकवानपुर, दोलखा, रामेछाप, चितवन, ललितपुर,सिन्धुली, सिन्धुपाल्चोक) मा कार्यक्रम संचालन भइरहेको ।
- पुष्प खेतीको व्यवसाय गर्ने उद्देश्यले प्रदेशको ७ जिल्ला (चितवन, मकवानपुर, काठमाण्डौ, दोलखा, काभ्रेपाञ्चोक, ललितपुर, भक्तपुर) मा कार्यक्रम संचालन भइरहेको ।
- विदेशबाट ज्ञान शिप हासिल गरेका यूवाहरुलाई बेमौसमी तरकारी उत्पादन कार्यक्रम मकवानपुर र नुवाकोट जिल्लामा संचालन भइरहेको ।
- गत वर्ष अर्थात २०७५ सालमा फलफूल वर्ष घोषणा भएको सन्दर्भमा फलफूल वर्ष कार्यक्रम भव्य रुपमा मनाउनको लागि फलफूलको विरुवा रोपौं प्रचार प्रसार कार्यक्रम संचालन भएको ।

१२. यस प्रदेशको ३ स्थान (चितवन १, मकवानपु १  दोलखा १) मा साझेदारीमा आधारित दाना उधोग स्थापना गरी कृषि उपजको व्यवसायीकरण एवं आयात प्रतिस्थापन गर्ने उद्योग स्थापनाको लागि सम्झौता गर्ने कार्य सम्पन्न भई कार्यक्रम अगाडी बढेको ।

१३. साझेदारीमा आधारित पशु वधस्थल स्थापनाको लागि (चितवन ३, धादिङ्ग ३, सिन्धुली १, काठमाण्डौ १, ललितपुर ४ र दोलखा १ गरी) जम्मा १३ स्थानमा छनौट भइ सम्झौता गर्ने कार्य अगाडि बढेको ।

## १४.विशेष पशु विकास कार्यक्रम:

- चौंरी प्रवर्द्धधन कार्यक्रम रसुवा, रामेछाप, सिन्धुपाल्चोक, धादिङ्ग र दोलखा गरी पाँच जिल्लामा संचालन भइरहेको
- भेडा प्रवर्द्धधन कार्यक्रम रसुवा, रामेछाप, सिन्धुपाल्चोक र दोलखा गरी चार जिल्लामा संचालन भइरहेको ।
- भैसी व्यवसाय प्रवर्द्धधन कार्यक्रम सिन्धुपाल्चोक, ललितपुर, सिन्धुली र नुवाकोट गरी चार जिल्लामा संचालन भइरहेको ।
- उच्च प्रजनन् मानको बोयर बाखा स्रोत केन्द्र निर्माणको लागि काठमाण्डौ, नुवाकोट, मकवानपुर, काभ्रे, धादिङ्ग र चितवन गरी छ जिल्लामा संचालन भइरहेको ।

- गाई प्रवर्द्धधन कार्यक्रम मकवानपुर, चितवन, दोलखा, काठमाण्डौ र रसुवा गरी चार जिल्लामा संचालन भइरहेको
- बाखा प्रवर्द्धन कार्यक्रम मकवानपुर, चितवन, काभ्रे, दोलखा, सिन्धुली, रामेछाप, धादिङ्ग र नुवकोट गरी आठ जिल्लामा संचालन भइरहेको ।
- पाडा-पाडी र बकेर्नु भैंसी संरक्षण विशेष कार्यक्रम मकवानपुर, चितवन, ललितपुर, धादिङ्ग र काभ्रे गरी पाँच जिल्लामा संचालन भइरहेको ।
- मत्स्य क्षेत्र विस्तारका लागि विशेष कार्यक्रम चितवन, मकवानपुर, सिन्धुली र दोलखा गरी चार जिल्लामा नयाँ पोखरी निर्माणको कार्य संचालन भइरहेको ।

१५. दूध उत्पादन तथा व्यवसायीकरणको लागि २० वटा मिल्क एनालाइजर सम्झौता भई कार्यान्वयनको चरणमा रहेको र २५ वटा चिस्यान केन्द्रको टेन्डर आव्हान भएको ।

१६. अध्ययन लगायतको कार्यक्रमः एकीकृत खाद्य तथा गैर खाद्य पदार्थहरुको गुणस्तर परीक्षण, प्रादेशिक प्रयोगशाला स्थापना र संचालन बारे अध्ययन तथा विस्तृत परियोजना प्रतिवेदन तयारी, कृषि, वन, पर्यटन विकासको सम्भाव्य क्षेत्र पहिचान, अध्ययन र प्रतिवेदन तयारी, प्रादेशिक जिन बैंक स्थापना बारे बिस्तृत प्रतिवेदन तयारी गर्न, फलफूल तथा तरकारी थोक बजारको DPR तयारी, कृषि, पशुपंछी, खाद्य, सहकारी र भूमिको तथ्याङ्क संकलन, प्रशोधन, मौसम सम्बन्धी पूर्व जानकारी तथा कृषि परामर्श सेवा प्रदान गर्न मोवाइल एप्स निमार्ण तथा सेवा सञ्चालन, साझेदारीमा आधारित दुधको पाउडर प्लान्टको स्थापना र सञ्चालन, न्यूनतम समर्थन मूल्य निर्धारण तथा कृषकहरुलाई उत्पादन खर्चमा राहत प्रदान गर्ने बारे सम्भावना र मोडालिटी बारे अध्ययन, दूध प्रशोधन केन्द्र स्थापनाको लागि DPR निर्माण, साझेदारीमा आधारित घाँसको प्याकेजिङ्ग, प्रशोधन, पेलेट दाना बनाउने उद्योग स्थापना र सञ्चालनको लागि अध्ययन कार्यक्रम संचालनको लागि परामर्शदाता छनौट कार्य अन्तिम चरणमा रहेको ।

१७. गोष्ठी, तालिम, दिवस, समारोह लगायतका कार्यक्रमः बीमा अभिकर्ता तालिम, रेविज दिवस, खाद्य दिवस, चौमासिक गोष्ठी, छाला उद्योग प्रवर्द्धन गोष्ठी, दूध तथा दूधजन्य पदार्थ उत्पादन गोष्ठी, बर्ड फ्लु तथा जैविक सुरक्षा सम्बन्धी गोष्ठी, बार्षिक बजेट तथा कार्यक्रम तुर्जमा गोष्ठी, स्थानीय वनको साझेदारीमा फलफूल वर्ष प्रचार प्रसार सम्बन्धी गोष्ठी आदि गरी जम्मा तीस वटा कार्यक्रम सम्पन्न भएको ।

१८. प्रधानमन्त्री कृषि आधुनिकीकरण अन्तर्गत पुरानो पकेट र ब्लक क्रमश ३५६, २६ र नयाँ पकेट र ब्लक क्रमश १५५, ३३ वटा गरी कुल जम्मा ५७० वटा सञ्चालन भइरहेको ।

१९. प्रिसिजन प्रोटेक्टेट हर्टिकल्चर यस प्रदेशको दुई जिल्ला (चितवन २ र मकवानपुर २) को चार स्थानमा संचालनको लागि सुचना आव्हान भएको ।

२०. कृषि पर्यटन कार्यक्रम चार जिल्ला (सिन्धुली १, काभ्रे १, दोलखा १ र मकवानपुर १) मा संचालन भइरहेको ।

२१. नयाँ गाँउ नमूना वस्ती कार्यक्रमको लागि सिन्धुली जिल्ला छनौट भई सूचना आव्हान भएको ।

२२. व्यवसायिक यान्त्रीकरण आहरा सहयोग पाँच जिल्लामा (मकवानपुर, चितवन, काभ्रे, ललितपुर र नुवाकोट) गरी रु ५३ करोड विनियोजन भई कार्यक्रम अगाडि बढेको ।

## परिच्छेद ४

## सामाजिक विकास मन्त्रालयले आ.व.२०७५।७६ मा सम्पादन गर्ने मुख्य मुख्य कार्यहरु

### स्वास्थ्य

१. विश्व सम्पदा सूचीमा परेका आठ वटा स्मारक र पुरातात्विक महत्वका स्थलहरुको अवस्था, सम्भावना र भावी दिगो कार्य दिशा तय गर्न अध्ययन, अनुसन्धान, नीति योजना र मापदण्ड निर्माण एवं प्रतिवेदन प्रकाशन गर्न रु. आठलाख बजेट विनियोजन भएको ।

२. असी जना अपाङ्गता भएका व्यक्तिको अवस्था  सम्भावना र भावी दिगो कार्य दिशा तय गर्न योजना र मापदण्ड निर्माण गरी स्वरोजगार तथा सीपमूलक तालिम संचालन र प्रभावकारिता मूल्याङ्कन प्रतिवेदन तयार गर्न रु एक करोड बजेट विनियोजन भएको ।

३. चार पटक महामारी तथा विपद् व्यवस्थापन योजना, रणनीति र निर्देशिका निर्माण र प्रकाशन तथा शीघ्र प्रतिकार्य टोली गठन, अभिमुखीकरण, परिचालन र प्रभावकारिता मूल्याङ्कन गर्न रु. सोह्रलाख बजेट विनियोजन भएको ।

४. ११९ वटै स्थानीय तहमा सुर्तिजन्य पदार्थ, मदिरा, खाद्यपदार्थको मापदण्ड कार्यान्वयनको परीक्षण, नियमन, पैरबी कार्यक्रम तथा भावी रणनीति निर्माण र प्रतिवेदन प्रकाशन गर्न रु.तेह्रलाख बजेट विनियोजन भएको ।

५. अपाङ्गगता सचेतना कार्यक्रम दुई पटक संचालन गरेको ।

६.  असहाय, अनाथ, ज्येष्ठ नागरिकका लागि साझेदारीमा आधारित सुविधा सम्पन्न ज्येष्ठ नागरिक आनन्द निकेतन सेवा संचालन गर्न रु.तीनलाख बजेट विनियोजन भएको ।

७. आयुर्वेद तथा वैकल्पिक चिकित्साको नीति र यसको उपचार सेवा सम्वन्धी प्रदेश स्तरीय मापदण्ड निर्माण गर्न रु.दशलाख बजेट विनियोजन भएको देखिन्छ ।

८. छिमेकी देशसंगको महत्वपूर्ण तीन प्रदेश नाकामा आधारभूत स्वास्थ्य सेवा र क्वारेण्टाईन सुविधा सहितको हेल्थ डेस्क स्थापना तथा संचालन र प्रभावकारिता मूल्याङ्कन प्रतिवेदन प्रकाशन गर्न रु पन्ध्रलाख बजेट विनियोजन भएको ।

९. प्रदेशस्तरमा प्रयोगशाला सम्वन्धी मापदण्ड निर्धारण तथा अनुगमन गर्न रु नौलाख  बजेट विनियोजन भएको ।

१०. प्रदेशस्तरीय स्वास्थ्य कार्यक्रम समीक्षा तथा योजना तर्जुमा गोष्ठी तथा प्रतिवेदन प्रकाशन गर्न रु पाँचलाख बजेट विनियोजन भएको ।

११. परिवार नियोजन सम्वन्धी IUCD र Implant तालिम ४० जवान कर्मचारीहरुलाई संचालन गर्न रु पाँचलाख विनियोजन भएको ।

१२. पाठेघरको मुखको Cancer को स्क्रिनिंगको लागि VIA तालिम २५ दिनको २०० जना कर्मचारीहरुलाई संचालन गर्न रु तीस लाख बजेट विनियोजन भएको ।

१३. सामाजिक सुरक्षा, महिला, तथा बालबालिका सम्वन्धी कानून निर्माण गर्न रु पाँचलाख बजेट विनियोजन भएको ।

१४. हिमाली तथा पहाडी जिल्लामा महिला तथा बाल स्वास्थ्य प्रवर्द्धनका लागि साना आयोजना कार्यक्रम (आमा समूह, स्थानीय तहसंगको सहकार्यमा) संचालनको लागि रु दुई करोड छुट्टायको छ ।

१५. दुई पटक प्रदेशस्तरीय खेलकुद प्रतियोगिता संचालन र राष्ट्रिय प्रतियोगितामा सहभागिता हुन रु. दुई करोड विनियोजन भएको छ ।

## शिक्षा

१. तीस वटा प्राविधिक धार संचालन भएका विद्यालयहरुका लागि प्रयोगशाला व्यवस्थापन कार्यक्रमको लागि रु नव्वेलाख विनियोजन ।

२. चार वटा बहुसांस्कृतिक, धार्मिक संरक्षण भवन निर्माण गर्न रु दुई करोड विनियोजन ।

३. रसुवाको हाकु माध्यमिक विद्यालयको भवन निर्माण पूंजीगत सुधारको लागि रु.पचास लाख विनियोजन ।

४. बीस वटा विद्यालयमा आइसिटि भवन संचालन अनुदान (इ लाइब्रेरी र स्मार्ट वोर्ड समेत) को लागि रु.दुई करोड विनियोजन ।

५.हेटौंडा अस्पताललाई सुविधा सम्पन्न अस्पताल बनाउन अस्पताल सुदृढीकरण अनुदानको लागि रु. दुई करोड विनियोजन ।

६. सामुदायिक तथा गैर नाफामूलक अस्पतालहरुलाई सेवा विस्तार अनुदान तर्फ रु.एक करोड विनियोजन ।

७. निःशुल्क स्वास्थ्य सेवाको लागि औषधि खरिद गर्न रु. पचास करोड तीन लाख विनियोजन ।

८. सोह्र जना घरेलु हिंसा प्रभावित महिलाका लागि संचालित अल्पकालीन आश्रय सहितका सेवा केन्द्र संचालन अनुदानको लागि रु बत्तिस लाख विनियोजन ।

९. आपतकालीन तथा महामारी व्यवस्थापनको लागि प्रदेशस्तरीय Provincial Health Emergency Operation Center (PHEOC) निर्माण (प्रदेश राजधानीमा) गर्न रु.बीस लाख विनियोजन ।

१०. पाँच स्थानमा यूवा स्वरोजगार प्रवर्द्धन केन्द्र स्थापना र संचालन गर्न रु दश करोड विनियोजन

११. बहु प्राविधिक महाविद्यालयको स्थापनाका लागि डिपिआर तयार गर्न रु दश लाख विनियोजन ।

# परिच्छेद ५

# निश्कर्ष र सुझाव

## ५.१ निश्कर्ष

समितिले प्रदेशको समग्र शिक्षा, स्वास्थ्य, कृषि सहकारी क्षेत्रको विकाससँग सम्बन्धित विषयहरुमा पटक-पटक बैठकहरु गरेर गहन छलफल चलाएको छ । शिक्षा, स्वास्थ्य र कृषिको विकासले नै प्रदेशको मानवीय विकास, आर्थिक विकास, सांस्कृतिक सामाजिक विकास र राजनीतिक विकासलाई स्थायित्व प्रदान गर्दछ । तसर्थ सम्वन्धित निकायहरुले योजना तर्जुमादेखि कार्यान्वयनको चरणसम्म विशेष ध्यान दिनु पर्दछ । राज्यका सबै निकायहरु बीचको सहकार्य र समन्वयबाट मात्र सम्वृद्धि हासिल गर्न सकिन्छ ।

प्रदेश ३ को समग्र विकासको लागि शिक्षा, स्वास्थ्य, कृषि तथा सहकारीको योजना तथा कार्यक्रमहरुको छनौट समानुपातिक वितरण प्रणालीका माध्यमबाट गर्नु उचित देखिन्छ । योजना छनौट प्रक्रिया Bottom to Top Apporach का माध्यमबाट गर्ने परिपाटीको शुरुवात गर्नु पर्दछ । प्रदेश सरकारको भूमिकालाई प्रत्यक्ष देखिने, सुनिने र महसूस हुने गरी प्रदेश गौरान्वित योजनाहरुलाई प्राथमिकता दिइनु पर्दछ । सरकारका तीनै तह बीचको आपसी समन्वय, सहकारिता र सहकार्यबाट मात्र सम्वृद्ध नेपाल निर्माण गर्न सकिने हुँदा संविधान प्रदत्त एकल तथा साझा अधिकारका क्षेत्रहरुलाई प्रभावकारी ढंगले कार्यान्वयन गर्नु पर्दछ । आन्तरिक स्रोत परिचालनलाई पारदर्शी बनाउन प्रदेश सरकार र स्थानीय सरकार वीचको कर तथा राजस्व बाडफाँडलाई व्यवस्थित बनाइनु पर्दछ । प्रदेश सरकार मार्फत स्थानीय सरकारलाई जाने सबै प्रकारका अनुदानहरुको वितरण तथा कार्यान्वयन पक्षलाई प्रदेश तहको उपस्थिति प्रत्यक्षरुपमा अनुभूत हुने गरी लागू गर्ने व्यवस्था अवलम्बन गरिनु पर्दछ ।

मानिसलाई नभइ नहुने आधारभूत आवश्यकता भनेको गाँस, वास र कपास नै हो । नेपालको संविधानले सबै नागरिकलाई खाद्य र खाद्य सम्प्रभुत्ताको हक प्रदान गरेको छ । नागरीकको उक्त हकको सुरक्षा गर्न खाद्यान्न उत्पादन बढाई देशलाई खाद्यान्नमा आत्मनिर्भर बनाउन सक्नु पर्छ । खाद्यान्न तथा अन्य कृषि उत्पादनको लागि प्राकृतिक स्रोतको रुपमा रहेको कृषियोग्य भूमिको संरक्षण र सम्वर्द्धन गर्नु जरुरी छ । अहिले राम्रा राम्रा समथर उब्जाउ कृषि भूमि घर लगायत अन्य कंक्रिट संरचना निर्माणको विस्तार र अव्यवस्थित बसोबासले क्षयीकरण भइरहेको छ । यो कार्यलाई तत्कालै नरोक्ने हो भने हामी खाद्यान्नमा पूर्ण रुपले परनिर्भर हुनेछौं । अरु कसैको कारणले नभै हामी आफैंले निम्त्याएको समस्या हुनेछ ।

वार्षिक बजेटमा सम्वोधन भएका शिक्षा, स्वास्थ्य, कृषि सम्वन्धी आयोजना तथा कार्यक्रमको लागि अख्तियारी आर्थिक वर्षको शुरु महिनामा नै सम्बन्धित निकायहरुमा पुग्न र मार्ग महिनाभित्र बोलपत्र प्रक्रिया सम्पन्न गर्ने व्यवस्थालाई कडाईका साथ लागू गर्नु पर्दछ । सार्वजनिक खरिद ऐनमा उल्लेख भएको न्यूनतम रकम बोलपत्र सकार्ने व्यवस्था अन्त्य गरी गुणस्तरीय निर्णयको लागि उचित व्यवस्था अवलम्बन गर्न कानूनी व्यवस्था मिलाइनु पर्दछ । प्रदेश सरकारले पचास लाखसम्मका योजनाहरु उपभोक्ता समिति मार्फत संचालन गर्न सकिने व्यवस्थालाई खुकुलो बनाई सार्वजनिक खरिद ऐनमा व्यवस्था भए अनुसार योजनाको प्रकृतिलाई हेरी रु एक करोडसम्मका योजना उपभोक्ता समिति मार्फत कार्यान्वयन गर्न सकिने व्यवस्था मिलाउनु उपयुक्त हुन्छ । रु एक करोड भन्दा माथिका योजनाहरुलाई विस्तृत अध्ययन प्रतिवेदन (DPR) को व्यवस्था गरी बहुवर्षीय बजेटको व्यवस्था गरिनु पर्दछ ।

## ५.२ सुझावहरुः

(क) शिक्षामा सबै नागरिकको सरल किसिमले विना भेदभाव पहुंच हुन पर्दछ । धनीका छोराछोरी बोर्डिङ्ग स्कूलमा र गरिबका छोराछोरी सरकारी स्कूलमा भन्ने मानसिकता हटाउन सक्नु पर्दछ । बर्तमान असमान शिक्षा प्रणाली हटाउन पर्दछ । व्यावसायिक शिक्षा प्रणालीमा जोड दिनु पर्दछ । शिक्षकहरुलाई तालिम दिई सरकारी स्कूलको गुणस्तर बढाउनु पर्दछ ।

(ख) सरकारी विद्यालयमा शिक्षकको तलब भत्ता, तालिम, पुस्तक, शैक्षिक सामग्री लगायत भौतिक संरचना निर्माणमा सरकारको ठूलो लगानी छ प्रतिफल न्यून छ लगानी बालुवामा पानी हाले जस्तो छ यसमा ध्यान दिनु पर्ने छ ।

(ग) स्वास्थ्य उपचार हरेक नागरिकले पाउनु पर्दछ । महंगो नर्सिङ्ग होम र प्राइभेट अस्पताललाई नियन्त्रण गरिनु पर्दछ । सरकारी अस्पताललाई नै स्रोत साधन सम्पन्न बनाउन जोड दिनु पर्दछ । नर्सिङ्ग होम र प्राईभेट अस्पताल तथा क्लिनिकमा धाउने सरकारी अस्पतालका कर्मचारीहरुलाई नियन्त्रण गर्नु पर्दछ । जिल्लास्थित सरकारी अस्पतालहरुको आफ्नै औषधि पसल, ल्याव, एक्स रे आदि हुन पर्दछ । शिक्षा बीमा सबैमा अनिवार्य गरी समृद्धिका लागि जोड दिने कार्यक्रमहरु ल्याउनु पर्दछ ।

(घ) देशैभरी खुलेका अधिकांश सहकारीहरु उत्पादन क्षेत्रमा केन्द्रित नभै बचत तथा ऋणको कारोबारमा मात्र अग्रसर छन् केही सहकारीहरु रकम हिनामिना गरेर भागेका पनि उदाहरण छन् यसलाई नियमन, नियन्त्रण र कानूनको दायराभित्र ल्याउनु पर्दछ र सहकारीलाई लगानी, उत्पादन र अन्य सामुहिक लाभ हुने कार्यमा अग्रसर गराउनु पर्दछ साथै सहकारीहरुवीच एकिकरण गराउन सहजिकरण र प्रोत्साहित गर्न जरुरी छ ।

(ङ) कृषि योग्य भूमि देशको प्राकृतिक श्रोत हो । यसको संरक्षण गर्न सकियो भने यसवाट कृषि उत्पादन बढाई खाद्यान्नमा आत्मनिर्भर हुन सकिन्छ तसर्थ भू उपयोग नीति लागू गरी प्रदेशको भूमिलाई कृषि क्षेत्र, बन क्षेत्र, आवास क्षेत्र, औद्योगिक क्षेत्र, सार्वजनिक उपयोगको क्षेत्र गरी बर्गीकरण गरिनु पर्दछ । कृषि योग्य जमिनको एकिन गरी कृषि भूमि प्लटिङ्ग, घर घडेरी निर्माण तथा अन्य भौतिक संरचना निर्माण गर्न दिनु हुँदैन । भूबनोट, हावापानी अनुसार कृषि उपजहरु पशुपालन व्यावसाय फलफूल खेती आदि गर्न कृषकलाई प्रोत्साहन गरिनु पर्दछ । सिंचाई, बीउ विजन, मल आदिको समयमै व्यवस्था गरिनु पर्दछ । समय समयमा तालिमको व्यवस्था गरिनु पर्दछ । विषादीको प्रयोग हटाउँदै लान जोड दिन पर्छ विचौलिया मोटाउने उत्पादक र उपभोक्ता मारमा पर्ने प्रथा अन्त्य गरिनु पर्दछ ।

(च) विकास निर्माणका योजना र कार्यान्वयनमा माननीय सांसदहरुको भूमिकालाई प्रभावकारी बनाउनु पर्दछ ।

(छ) मन्त्रालयले योजना निर्माण र बजेट विनियोजन गर्दा पारदर्शिता अपनाउन विशेष ध्यान दिनु पर्दछ । साथै सुशासन र वित्तीय अनुशासनलाई कडाईका साथ कार्यान्वयन गर्नु पर्छ ।

(ज) हरेक बर्ष प्रदेश सरकारको प्राथमिकता क्षेत्र निर्धारण सहितको बजेट कार्यक्रम ल्याउनु जरुरी देखिन्छ ।

(झ) भू उपयोगको लागि चक्लावन्दी नीतिमा ध्यान दिन आवश्यक देखिन्छ ।

(ञ) जग्गामा देखिएको दोहोरो स्वामित्व, गुठी समस्या, जग्गा बर्गिकरण समस्या समाधान गर्न पहल गर्नु पर्दछ ।

(ट) सुकुम्वासी र अव्यवस्थित बसोबासीको व्यवस्थापनको लागि ठोस योजना ल्याउन आवश्यक देखिन्छ ।

(ठ) स्वरोजगार लक्षित बर्ग उन्मुख कार्यक्रमहरुलाई प्रतिफल दिने र मापन गरिन सक्ने गरी बनाउनु पर्दछ ।

(ड) पहाडी क्षेत्रको समग्र विकासको लागि एकीकृत नमूना बस्ती निर्माणको योजना जरुरी देखिन्छ ।

(ढ) जनताको दैनिक जीवनसंग प्रत्यक्ष वा परोक्ष रुपमा सरोकार राख्ने विषयहरुको उठान, नियमन, ध्यानाकर्षण र समाधानमा समितिले समन्वयात्मक र सहयोगात्मक भूमिका खेल्नु पर्दछ ।

(ण) भूमिको समस्या समाधान गरी कृषिको आधुनिकीकरण र यान्त्रिकीकरणमा विशेष ध्यान दिँदै कृषि उत्पादनमा आत्मनिर्भर र बजारीकरणमा जोड दिनु पर्छ ।

नेपाल सरकारले सन् २०३० सम्म दिगो विकास लक्ष्य प्राप्त गर्ने गरी संयुक्त राष्ट्रसंघमा आफ्नो प्रतिवद्धता जाहेर गरेको छ । तसर्थ दिगो विकासका १७ वटा लक्ष्य, १६९ वटा प्रतिफल, २४४ वटा विश्वव्यापी तथा २४५ वटा राष्ट्रिय परिसूचकहरु पुरा गर्नुपर्ने छ । तसर्थ प्रदेश नं. ३ को प्रदेश सरकारले आफ्नो योजनाहरु तर्जुमा गर्दा "दिगो विकास लक्ष्य २०३०" हासिल गर्न सहयोग पुग्ने गरी तर्जुमा गर्नु पर्दछ ।

# अनुसूचीहरु

## अनुसूची–१

<u>समिति उपसमितिका माननिय सदस्यहरु र कर्मचारीहरुको नामावली</u>

**मा. श्री घनश्याम दाहाल**
**सभापति**

**सदस्यहरु**

१. मा. श्री इन्द्रमाया गुरुङ्ग
२. मा. श्री उर्मिला कर्माचार्य
३. मा. श्री कञ्चन खनाल
४. मा. केशवप्रसाद पोखरेल
५. मा. श्री गोमा भुर्तेल
६. मा. श्री प्रकाश श्रेष्ठ
७. मा. श्री प्रेमबहादुर पुलामी
८. मा. श्री बलराम पौडेल
९. मा. श्री विजया श्रेष्ठ के.सी.
१०. मा. श्री वसन्तप्रसाद मानन्धर
११. मा. श्री मैना अछामी
१२. मा. श्री रजनी अमात्य जोन्छे
१३. मा. डा.राजाराम कार्की
१४. मा. डा.रामकुमार अधिकारी
१५. मा. श्री लालकुमारी पुन
१६. मा. श्री सरस्वती बाटी
१७. मा. श्री सरस्वती बस्नेत
१८. मा. श्री सृजना सायजु

## <u>उप समिति</u>

यस शिक्षा, स्वास्थ्य तथा कृषि समिति गठन भएदेखि हाल (२०७५।१२।१५) सम्म समिति मार्फत भए गरेका काम, मन्त्रालयहरुसंग भएका छलफल र मन्त्रालयलाई दिइएको निर्देशन कार्यान्वयन भए नभएको अध्ययन गरी समितिको बार्षिक प्रतिवेदन तयार गरी पेश गर्न देहाय बमोजिमको एक उप समिति गठन गरिएको थियो ।

१. मा.केशव प्रसाद पोखरेल–संयोजक
२. मा.प्रेम बहादुर पुलामी–सदस्य
३. मा.विजया श्रेष्ठ–सदस्य

**<u>कर्मचारीहरु</u>**

१. सचिव श्री रामशरण घिमिरे
२. अधिकृत (आठौं) श्री सुन्दर पन्त
३. अधिकृत (छैटौं) श्री प्रतिमा सापकोटा

अनुसूची-२

समितिबाट भएका निर्णयहरु

| बैठक संख्या | मिति | भए गरेका कार्यहरु/निर्णयहरु |
|---|---|---|
| १ | २०७४।१२।१५ | १. समितिको सभापतिको निर्वाचन कार्यक्रम तय गर्ने निर्णय । |
| २ | २०७४।१२।१६ | १.समितिको सभापतिमा मा.घनश्याम दाहालको निर्विरोध निर्वाचित हुनु भएको घोषणा<br>२.मा.सभापतिबाट सबै माननीय सदस्यहरुलाई धन्यवाद ज्ञापन ।<br>३.समितिसँग सम्वन्धित मन्त्री, सचिव र सम्वन्धित निकायका पदाधिकारीसंग आगामी बैठकमा छलफल गर्ने । |
| ३ | २०७४।१२।२६ | माननीय सदस्यहरुले समितिसंग सम्वन्धित मन्त्रालयको सुधारको बारेमा सुझावहरु राख्नु भएकोले आगामी बैठकमा सम्वन्धित मन्त्रालयका मा.मन्त्री र सचिवसंग छलफल गर्ने । |
| ४ | २०७५।०१।१४ | शिक्षा र स्वास्थ्य क्षेत्रमा देखा परेका समस्याहरु समाधान गर्ने सम्वन्धमा नीति निर्माणको क्रममा र अनुगमनमा विशेष ध्यान दिन सामाजिक विकास मन्त्रालयको ध्यानाकर्ष गराउने । |
| ५ | २०७५।०२।१८ | भूमि व्यवस्थापन, कृषि तथा सहकारीको क्षेत्रमा देखा परेका तमाम समस्याहरुलाई सम्वोधन हुने गरी कृषिमा पकेट क्षेत्र निर्धारण, आत्मनिर्भर हुने गरी नीति निर्माण, अव्यवस्थित बसोबास र भूमिहीनका समस्याको समाधान हुने गरी सम्वन्धित मन्त्रालयले विधेयक पेश गर्ने गरी बृहत रुपमा छलफल । |
| ६ | २०७५।०३।०७ | १. प्रत्येक माननीयहरुको लागि स्वकीय सचिको व्यवस्था सम्वन्धमा छलफल भएको ।<br>२. सभामा प्रस्तुत चार विधेयक पारित भएपछि विज्ञ सहित कार्यशाला गोष्ठी गर्ने ।<br>३. बैठकमा छलफल गरिने विषय वस्तुहरुको समस्या तथा समाधान र संभावनाको बारेमा तयारीका साथ माननीय सदस्यहरु उपस्थित रहनु पर्ने सम्वन्धमा छलफल भएको ।<br>४. भूउपयोग नीति निर्माण गर्न सम्वन्धित मन्त्रालयसंग छलफल भएको ।<br>५. समितिसंग सम्वन्धित मन्त्रालयका मन्त्री तथा सचिवलाई बैठकमा आमन्त्रित गरी छलफल गर्ने निर्णय । |
| ७ | २०७५।०४।३० | १.प्रदेश सभा सचिवालयसंग समन्वय गरी सहकारी सम्वन्धी कार्यशाला गोष्ठी संचालन सम्बन्धमा छलफल ।<br>२.प्रदेश सभामा पेश भएको प्रदेश दुग्ध विकास वोर्डको स्थापना र व्यस्थापन गर्न बनेको विधेयकको व्यापक अध्ययन गरी सो विधेयकमा छुटेका अपुग भएका विषयमा संशोधन राख्ने सम्वन्धमा छलफल । |
| ८ | २०७५।०५।१३ | प्रदेश दुग्ध विकास वोर्डको स्थापना र व्यस्थापन गर्न बनेको विधेयकका सम्वन्धमा परेको एकीकृत संशोधनमाथि बुंदागत रुपमा छलफल । |
| ९ | २०७५।०५।१४ | प्रदेश दुग्ध विकास वोर्डको स्थापना र व्यस्थापन गर्न बनेको विधेयक सम्वन्धमा परेको एकीकृत संशोधनमाथि बुंदागत रुपमा छलफल र प्रतिवेदन तयार गरी अर्को बैठकमा पेश गर्ने |
| १० | २०७५।०५।१७ | प्रदेश दुग्ध विकास वोर्डको स्थापना र व्यस्थापन गर्न बनेको विधेयक सम्वन्धमा परेको एकीकृत संशोधनमाथि बुंदागत रुपमा छलफलका साथै समितिले तयार पारेको प्रतिवेदन प्रदेश सभामा पेश गर्ने । |
| ११ | २०७५।०५।३० | प्रदेश स्वास्थ्य सेवा सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ माथि दफावार छलफल । |
| १२ | २०७५।०५।३१ | प्रदेश स्वास्थ्य सेवा सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक,२०७५ माथि दफावार छलफल टुगिंएकोले उक्त विधेयकको मनशाय अझ स्पष्ट होस् भन्ने हुने गरी समितिले गरेको निर्णयको प्रतिवेदन सहितको विधेयक प्रदेश सभामा पेश गर्ने । |
| १३ | २०७५।०७।११ | प्रदेश प्राविधिक शिक्षा परिषद् स्थापना र सञ्चालन गर्न बनेको विधेयक माथि दफावार छलफल प्रारम्भ । |
| १४ | २०७५।०७।१२ | प्रदेश प्राविधिक शिक्षा परिषद् स्थापना र सञ्चालन गर्न बनेको विधेयक माथि दफावार छलफल जारी राखि आगामी बैठकमा पुन: बस्ने निर्णय । |
| १५ | २०७५।०७।१३ | प्रदेशमा खेलकुद विकास गर्ने सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक,२०७५ माथि दफावार छलफल गरी समितिले गरेको निर्णयको प्रतिवेदन सहितको विधेयक प्रदेश सभामा पेश गर्ने । |
| १६ | २०७५।०८।०९ | प्रदेश प्राविधिक शिक्षा परिषद् स्थापना र सञ्चालन गर्न बनेको विधेयक,२०७५ माथि दफावार |

| | | |
|---|---|---|
| | | छलफल सम्पन्न भएकोले समितिले गरेको निर्णयको प्रतिवेदन सहितको विधेयक प्रदेश सभामा पेश गर्ने । |
| १७ | २०७५।११।०२ | चालु आ.व.२०७५।७६ को मिति २०७५।११।०२ गतेसम्म थोरै कार्यक्रम मात्रै कार्यान्वयन हुने अवस्था देखिएकोले तीव्र गतिमा कार्यक्रम कार्यान्वयन गर्न, कृषिमा आत्मनिर्भर हुने योजना ल्याउन भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयलाई निर्देशन दिने ।<br>अहिलेसम्मको कार्यक्रमहरुको कार्यान्वयन सम्बन्धी तालिका समितिमा पेश गर्न निर्देशन दिने । |
| १८ | २०७५।११।०३ | महिला, बालबालिका र ज्येष्ठ नागरिकहरुको क्षेत्रमा देखा परेका समस्या समाधान गर्न, स्वास्थ्य र शिक्षा क्षेत्रमा जनताको पहुँच पुराउन, कार्यान्वयन भइरहेका कार्यक्रमको प्रभावकारी अनुगममन गर्न र मन्त्रालय र समितिको बीचमा छलफल र अन्तरक्रियामा ध्यान दिन सामाजिक विकास मन्त्रालयलाई निर्देशन । |
| १९ | २०७५।१२।१५ | समिति गठन भएदेखि मिति २०७५।१२।१५ सम्म समिति मार्फत भए गरेका काम, मन्त्रालयहरुसंग भएका छलफल र मन्त्रालयलाई दिइएको निर्देशन कार्यान्वयन भए नभएको समेत अध्ययन गरी समितिको वार्षिक प्रतिवेदन तयार गर्न उपसमिति गठन गर्ने । |
| २० | २०७५।१२।२० | १. प्रदेश सहकारी सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयकमाथि दफावार छलफल प्रारम्भ ।<br>२. आर्थिक दायित्व पर्ने विधेयकको सम्वन्धमा आर्थिक टिप्पणीमा उल्लेख भई हुन सक्ने पटके र सालबसाली खर्चको अनुमानीत खर्च विवरण खुलाई विधेयक पठाउने सम्वन्धमा प्रदेश सरकारलाई निर्देशन दिने । |
| २१ | २०७५।१२।२४ | प्रदेश सहकारी सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयकमाथि दफावार छलफले दफावार छलफल जारी । |
| २२ | २०७५।१२।२५ | प्रदेश सहकारी सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयकमाथि दफावार छलफल नटुंगिएकोले दफावार छलफल मिति २०७५साल चैत्र २६ गते पुनः बस्ने । |
| २३ | २०७५।१२।२६ | प्रदेश सहकारी सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयकमाथि दफावार छलफल सम्पन्न भएकोले समितिले गरेको निर्णयको प्रतिवेदन सहित विधेयक प्रदेश सभामा पेश गर्ने । |
| २४ | २०७५।१२।२८ | प्रदेश बालबालिकाको अधिकार सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयकमाथि दफावार छलफल सम्पन्न भएकोले समितिले गरेको निर्णयको प्रतिवेदन सहितको विधेयक प्रदेश सभामा पेश गर्ने |
| २५ | २०७६।०१।११ | कृषि व्यवसाय प्रवर्द्धन सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयकमाथि दफावार छलफल भै सो छलफल सम्पन्न भएकोले समितिले गरेको निर्णयको प्रतिवेदन सहितको विधेयक सभामा पेश गर्ने । |
| २६ | २०७६।०१।१२ | प्रदेश बीउ विजन सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयकमाथि दफावार छलफल सम्पन्न भएकोले समितिले गरेको निर्णयको प्रतिवेदन सहितको विधेयक सभामा पेश गर्ने । |
| २७ | २०७६।०१।३० | १.बार्षिक प्रतिवेदनको मस्यौदा उपसमितिका संयोजक माननीय केशव प्रसाद पोखरेलले प्रतिवेदनको मस्यौदा समितिमा पेश गर्ने ।<br>२.पेश भएको प्रतिवेदनको मस्यौदा समितिका माननीय सदस्यहरुलाई वितरण गरी समितिको आगामी बैठकमा सुझाव सहित उपस्थित हुने । |
| २८ | २०७६।०२।०६ | समितिको बार्षिक प्रतिदन २०७५।७६ पारित गरी सभामा पेश गर्ने निर्णय । |

## अनुसूची-३

## समितिका सदस्यहरुको बैठकमा सहभागिता

(क) प्रथम बैठक :- २०७४।१२।१५

(ख) प्रतिवेदन बुझाउने अवधि :- २०७६ जेठ महिना

(ग) कूल बैठक संख्या :- २७

| बैठक संख्या | मिति | उपस्थित संख्या | कैफियत |
|---|---|---|---|
| १ | २०७४।१२।१५ | १२ | |
| २ | २०७४।१२।१६ | १३ | |
| ३ | २०७४।१२।२६ | १२ | |
| ४ | २०७५।०१।१४ | १६ | |
| ५ | २०७५।०२।१८ | १९ | |
| ६ | २०७५।०३।०७ | १३ | |
| ७ | २०७५।०४।३० | १५ | |
| ८ | २०७५।०५।१३ | ११ | |
| ९ | २०७५।०५।१४ | ११ | |
| १० | २०७५।०५।१७ | १२ | |
| ११ | २०७५।०५।३० | १३ | |
| १२ | २०७५।०५।३१ | ११ | |
| १३ | २०७५।०७।११ | १३ | |
| १४ | २०७५।०७।१२ | १२ | |
| १५ | २०७५।०७।१३ | १२ | |
| १६ | २०७५।०८।०९ | ६ | |
| १७ | २०७५।११।०२ | १४ | |
| १८ | २०७५।११।०३ | १४ | |
| १९ | २०७५।१२।१५ | ११ | |
| २० | २०७५।१२।२० | १७ | |
| २१ | २०७५।१२।२४ | १२ | |
| २२ | २०७५।१२।२५ | १३ | |
| २३ | २०७५।१२।२६ | १० | |
| २४ | २०७५।१२।२८ | १० | |
| २५ | २०७६।०१।११ | १२ | |
| २६ | २०७६।०१।१२ | १३ | |
| २७ | २०७६।०१।३० | १६ | |
| २८ | २०७६।०२।०६ | ९ | |